मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : ११६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत १ गते आइतबार (Sunday, 15 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## श्रम संस्कृतिले छान्यो समानुपातिक सांसद

**बिर्तामोड, फागुन ३०।** श्रम संस्कृति पार्टीले समानुपातिक सांसदको नाम टुंग्याएको छ। सो पार्टीले समानुपातिक तर्फ ४ जनाको नाम सिफारिस गरेको हो। हालै सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनबाट श्रम संस्कृति पार्टीले समानुपातिक तर्फ ४ जना सांसद पाउने गरी मत पाएको छ।

पार्टीले आदिवासी महिलाबाट हेटौँडाकी मन्दिरा मोक्तान, खस आर्य महिलाबाट अम्बिका संग्रौला, दलित कोटाबाट सुर्खेतकी राधिका रम्तेल र आदिवासी

(बाँकी अन्तिम पृष्ठमा)

## दान खालिङलाई पूर्ण-टुङ्ग आदर्श नागरिक सम्मान



**झापा, फागुन ३०।** भारतको दार्जीलिङमा जन्मिएर नेपाललाई कर्मभूमि बनाएका प्रख्यात साहित्यकार तथा शिक्षासेवी दान खालिङलाई यस वर्षको पूर्ण-टुङ्ग आदर्श नागरिक सम्मान मरणोपरान्त प्रदान गरिएको छ।

जय नेपाल प्रतिभा प्रोत्साहन प्रतिष्ठान झापाले एक समारोहका बीच एक लाख ११ हजार एक सय ११ रुपैयाँ राशिको उक्त सम्मान शनिबार बिर्तामोडमा खालिङकी बहिनी नवामी खालिङसहित परिवारलाई हस्तान्तरण गरेको हो।

प्रतिष्ठानका सभापति गोपालकुमार बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षासेवी तथा प्रमुख अतिथि राजेश खड्काले सम्मान प्रदान गरेका थिए।

दार्जीलिङमा जन्मिएका खालिङले आफ्नो जीवनको ऊर्जाशील समय नेपालमै बिताउँदै सामाजिक चेतना, नेपाली भाषा, साहित्य र शिक्षाको विकासमा समर्पित योगदान पुऱ्याएका थिए। उनी मूलतः साहित्यकार भए पनि अनुवाद, शिक्षा र सामाजिक चेतनाको क्षेत्रमा सक्रिय व्यक्तित्वका रूपमा परिचित थिए।

खालिङको वास्तविक नाम दानियल खालिङ हो। युवावस्थामा उनले नेपालका प्रजातान्त्रिक आन्दोलनका नेता बीपी

(बाँकी अन्तिम पृष्ठमा)

# ४.७ प्रतिशत मत बदर

**काठमाडौँ, फागुन ३०।** यही फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा चार दशमलव सात प्रतिशत मत बदर भएको निर्वाचन आयोगले जनाएको छ। आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार पहिलो हुने निर्वाचित हुने र समानुपातिक दुवै निर्वाचन प्रणालीमा उक्त परिमाणमा मद बदर भएको हो।




उनका अनुसार विसं २०७९ मंसीरमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा बदर मत प्रतिशत ५.०६ थियो। त्यस्तै २०७४ सालको प्रतिनिधिसभा सदस्य निर्वाचनमा बदर मतको प्रतिशत ५.१८ प्रतिशत थियो।

विसं २०७० मंसीर ४ गते सम्पन्न दोस्रो संविधानसभा सदस्य निर्वाचनमा ४.९६ प्रतिशत मत बदर भएको थियो। यसैगरी २०६४ साल चैत २८ गते सम्पन्न संविधानसभाको पहिलो निर्वाचनमा भने ५.१५ प्रतिशत मत बदर भएको थियो।

आयोगका अनुसार विगतका पाँच वटा निर्वाचनको तुलनामा यसपटक औसतमा कम मत बदर भएको छ।

यसैबीच कोशी प्रदेशमा फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा एक लाख ३० हजार ८४७ मत बदर भएको जनाइएको छ।

निर्वाचन आयोग नेपाल अन्तर्गतको प्रदेश निर्वाचन कार्यालय, विराटनगरका अनुसार प्रदेशका १४ जिल्लाका २८ निर्वाचन क्षेत्रमा २० लाख ८४ हजार २१९ मत खसेको थियो। तीमध्ये १९ लाख ५३ हजार ३७२ मत सदर भएको जनाइएको छ।

निर्वाचनमा ताप्लेजुङमा दुई हजार ६८६, पाँचथरमा तीन हजार ८९७, इलाम-१ मा चार हजार ५६६, इलाम-२ मा तीन हजार ८९५, झापा-१ मा चार हजार २६९, झापा-२ मा चार हजार ४६९, झापा-३ मा पाँच हजार ६२९, झापा-४ मा चार हजार ७६८ र झापा-५ मा चार हजार २१९ मत बदर भएका छन्।

यसैगरी सङ्खुवासभामा तीन हजार ७८०, तेह्रथुममा एक हजार ९०९, भोजपुरमा तीन हजार ८७१ र धनकुटामा चार हजार ८८३ मत बदर भएको छ।

त्यस्तै मोरङ-१ मा चार हजार ८३७, मोरङ-२ मा छ हजार ५०, मोरङ-३ मा छ हजार ८२७, मोरङ-४ मा पाँच हजार २५६, मोरङ-५ मा सात हजार ८८९ र मोरङ-६ मा पाँच हजार ६४४ मत बदर भएको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ।

सुनसरी-१ मा चार हजार ४८९, सुनसरी-२ मा छ हजार २२९, सुनसरी - ३ मा पाँच हजार ६११, सुनसरी-४ मा छ हजार ६७४, सोलुखुम्बुमा एक हजार ९९०, खोटाङमा तीन हजार ९२८, ओखलढुङ्गामा तीन हजार ३५६, उदयपुर-१ मा पाँच हजार ५४७ र उदयपुर-२ मा तीन हजार ६७३ मत बदर भएको छ।

प्रदेशभर सबैभन्दा बढी मत बदर मोरङ क्षेत्र नं. ५ मा १० दशमलव ०६ प्रतिशत रहेको छ भने सबैभन्दा कम झापा क्षेत्र नं. ५ मा तीन दशमलव ९६ प्रतिशत रहेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ।

## पत्रकार कुट्ने एमाले कार्यकर्ता पक्राउ

**झापा, फागुन ३० ।** झापा क्षेत्र नम्बर ५ मा चुनावी समाचार संकलनका क्रममा पत्रकारमाथि कुटपिट तथा अभद्र व्यवहार गरेको आरोपमा नेकपा एमालेनिकट 'भोलेन्टियर्स फोर्स'सँग सम्बद्ध एक जनालाई प्रहरीले पक्राउ गरेको छ।



झापा कमल गाउँपालिका-६ का ४५ वर्षीय युवराज पाठकलाई जिल्ला प्रशासन कार्यालय झापाबाट जारी पक्राउ पुर्जीका आधारमा शनिबार प्रहरी कार्यालय दमक र इलाका प्रहरी कार्यालय झिलझिलेको संयुक्त टोलीले शिवसताक्षी नगरपालिका-४ बाट पक्राउ गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका पाठकलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय झापामा राखिएको छ।

गत फागुन १४ गते झापा क्षेत्र नम्बर ५ मा चुनावी गतिविधिको समाचार संकलन गरिरहेका विराटनगर निवासी पत्रकार अर्जुन आचार्यमाथि कमल गाउँपालिका-६ स्थित जीवनचोकमा कुटपिट भएको थियो। एमाले अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीको निर्वाचन क्षेत्रमा भइरहेको 'घरदैलो' अभियानको दृश्य खिचिरहेका बेला भोलेन्टियर्स फोर्सका सदस्यहरूले आचार्यमाथि मुक्का र बुट प्रहार गरेको पीडितले बताएका छन्। घटनाको भोलिपल्ट पत्रकार आचार्यले युवराज पाठकसहित पाँच जनाविरुद्ध इलाका प्रहरी कार्यालय दमकमा 'अभद्र व्यवहार' मुद्दामा किटानी जाहेरी दर्ता गराएका थिए। जाहेरीमा आक्रमणकारीहरूले आचार्यलाई जबर्जस्ती बा २ च

(बाँकी अन्तिम पृष्ठमा)

## बिर्तामोडकी निता घतानीसहित यी हुन् एमालेका १६ समानुपातिक सांसद

**झापा, फागुन ३०।** नेकपा एमालेले समानुपातिक सांसद टुङ्ग्याएको छ। शनिवार बसेको सचिवालय बैठकले समानुपातिक सांसदको नाम टुङ्गो लगाएको उपमहासचिव लेखराज भट्टले जानकारी दिए।

क्लस्टर अनुसार समानुपातिक सांसदको चयन गरेको उनले बताए। एमालेले समानुपातिकबाट १६ सीट जितेको छ। रामबहादुर थापा बादल, कुलभक्त शाक्य, पद्मा अर्याल, गुरुप्रसाद बराल, पुष्पराज कँडेल, यशोदाकुमारी बराल, किपाराम राना, विष्णुमाया बिक, निता घतानी, रिङ्गला यादव, चण्डेश्वर मण्डलको नाम सिफारिस गर्ने निर्णय भएको भट्टले बताए।

### घतानीको संसदीय यात्रा शुरु

नेकपा (एमाले) को ११औं महाधिवेशनबाट निर्वाचित तीन दर्जनभन्दा बढी केन्द्रीय सदस्य ४० वर्षमुनिका थिए। उनीहरू विभिन्न क्लस्टरबाट छानिएका हुन्। तीमध्ये एक थिइन्, झापाकी निता घतानी।

उनी लामो समय विद्यार्थी राजनीति र एमालेका विभिन्न सांगठनिक मोर्चामा सक्रिय थिइन्। पुस पहिलो साता देशभरबाट छानिएका २२ सय ६३ महाधिवेशन प्रतिनिधिले घतानीलाई पनि छाने। उनीजस्ता धेरै साथीहरू अहिले एमालेको नेतृत्व पंक्तिमा छन्। महाधिवेशन प्रतिनिधि छनोटकै चरणमा 'झण्डै छुटेकी' उनी अन्ततः केन्द्रीय सदस्य जितेर भूगोल फर्किइन्।

घतानीलाई अहिले अर्को सफलता हात परेको छ। त्यो हो- समानुपातिक सूचीमा पर्नु। महाधिवेशनपछि बसेको एमालेको पहिलो सचिवालय बैठकले उनको नाम समेत समावेश गऱ्यो। घतानीको चर्चा अहिले एमालेवृत्तमा मात्रै होइन, बाहिर पनि चुलिएको छ। दलित समुदायबाट एमालेको केन्द्रीय नेतृत्वमा पुग्नु र सांसद बन्ने बाटो खुल्नु उनका लागि कम राजनीतिक सफलता होइन।



यो पुस महिना त मेरा लागि गुडलक नै भएर आयो नि-उनले भनिन्,-पाएको जिम्मेवारीलाई इमानदारीपूर्वक पूरा गर्ने कोशिस गरेको छु र त संगठनले विश्वास गरेको छ।

घतानीको परिवार कम्युनिस्ट पृष्ठभूमिको छ। बुवा-आमा राजनीतिक चेतनाले अब्बल भएकै कारण आफूले यो अवसर पाएको उनको बुझाइ छ। मलाई विद्यार्थी राजनीतिदेखि नै यो गर, त्यो नगर भन्ने नै भएन- उनले भनिन् - सामाजिक रूपान्तरणका लागि राजनीति नै सही बाटो हो भनियो। परिवर्तनका लागि आफूले सत्कर्म गरेर अघि बढ्न सिक्नुपर्छ भन्ने बुझाइले आज यहाँसम्म आइपुगेको छु, जसको श्रेय मेरो परिवारलाई जान्छ।

राजनीतिक यात्रामा आजसम्म आइपुग्दा उनले हार बेहोरेकी थिइनन्। तर, २०७९ फागुनमा भएको अनेरास्ववियुको २३औँ राष्ट्रिय महाधिवेशनमा उनी स्थायी कमिटी सदस्यमा पराजित् भइन्। त्यो मेरो जीवनको पहिलो हार थियो। आज सम्झिँदा मेरो सिकाइ पनि भयो भन्ने लाग्छ- घतानीले भनिन्,-अहिले पुस महिनाभित्रै दुईटा सफलता हात परेका छन्। यी सबै संगठनमा जिम्मेवारीपूर्वक काम गर्दाका फल हुन्। राजनीति हरेस नखाई निरन्तर लागिपर्ने जिम्मेवारी पनि भएको उनको बुझाइ छ। नत्र संगठनमा भित्र पराजित हुनेले पाएको जिम्मेवारी छोडेर विदेश जाँदा पनि आफू निरन्तर पार्टी जिम्मेवारीमा रहेकै कारण आजको सफलता हात परेको उनको भनाइ छ।

उनले पार्टीको ११ औं महाधिवेशनदेखि मात्रै विभिन्न तहको जिम्मेवारीमा युवालाई अवसर दिन थालिएको कुरा नकार्छिन्। धेरैले जेन-जी आन्दोलनको प्रभावले एमालेले युवालाई अवसर

(बाँकी अन्तिम पृष्ठमा)

## क्रोएशिया र अमेरिका पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, फागुन ३०।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी क्रोएशिया र अमेरिका पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा तीन जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-१५ बस्ने चितवन भरतपुर महानगरपालिका-१५ घर भएकी ४९ वर्षीया कमलादेवी सुनुवार, काठमाडौं बुढानीलकण्ठ नगरपालिका-४ बस्ने सिन्धुली कमलामाई नगरपालिका-७ घर भएकी २९ वर्षीया सविना खड्का र काठमाडौं टोखा नगरपालिका-११ बस्ने काठमाडौं दक्षिणकाली नगरपालिका-९ घर भएका ४१ वर्षीय अम्बर गुरुङ रहेका छन्।

पक्राउ मध्ये कमलाले क्रोएशिया पठाइदिन्छु भन्दै २ जनाबाट ४ लाख ५० हजार रूपैयाँ, सविनाले अमेरिका पठाइदिन्छु भन्दै १ जनाबाट १ लाख रूपैयाँ र अम्बरले क्रोएशिया पठाइदिन्छु भन्दै १ जनाबाट ५० हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले कमलालाई काठमाडौं

(बाँकी अन्तिम पृष्ठमा)

## भिटा विक्रीमा

बिर्तामोड नगरपालिका-१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर भिटा अर्जेन्ट परेर तु-विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला।


मो. ९८०७९२२३०१

## यौन हिंसाबाट बचौ र बचाऔं

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाइ, परिचित, नातेदार र जोसुकेबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,
- बालबालिकाको चालचलख, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वरिष्ठ मुटु रोग विशेषज्ञ



DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

उपचार हुने रोगहरू
- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५५११७४, ९८२०४५११७४

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ताको

## अत्यन्त जरूरी सूचना

यस बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको कार्य क्षेत्रभित्र पर्ने एशियन हाइवे पूर्वपश्चिम राजमार्गको निर्माण कार्य धमाधम भइरहेको र उक्त निर्माणाधीनको बाटोको दुबैतर्फ दायाँ-बायाँ खानेपानीको नयाँ पाइप लाइन विस्तार गरिने भएको हुँदा सडक क्षेत्रभित्र सडकले गर्ने निर्माण कार्य सम्पन्न भएका स्थानमा खानेपानी पाइप लाइन विस्तार भइ सकेपछि मात्र घरधनीहरुले आफूले गर्नुपर्ने निर्माण कार्य गर्न हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गर्दछौं।

बिर्तामोड साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था
बिर्तामोड (झापा)

# चिया किसानलाई मल खोई ?

**बिर्तामोड, फागुन ३०।** चियाको पहिलो टिपाइ 'फस्ट फ्लस' अहिले धमाधम भइरहेको छ। 'फस्ट फ्लस' चिया उच्च गुणस्तरको मानिन्छ। यो चिया महँगो दरमा बिक्री हुन्छ। दुई दिनअघि भएको वर्षाले चिया किसानलाई खुसी बनाएको छ।

लगातार करिब चार महिनाको मेहनतपछि किसानले अहिले गुणस्तरीय 'फस्ट फ्लस' चियाको टिपाइ गरिरहेका हुन्। 'फस्ट फ्लस' चियाको टिपाइ सकिएपछि किसानले बगानमा मलखाद हाल्नुपर्छ।

सिँचाई र मलखाद गरेपछि हरियो चिया पत्तीको टिपाई बाक्लो हुन्छ। झापाका चिया किसान अहिले 'फस्ट फ्लस' टिपाइसँगै मलखादको जोहोमा जुटेका छन्। जिल्लामा करिब ११ हजार हेक्टरमा चिया खेती गरिन्छ।

विडम्बना, सरकारले यो वर्ष किसानलाई अनुदानको रासायनिक मल दिने निर्णय गरेन। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले व्यापारिक घराना त्रिवेणी समूहको चिया बगानलाई मात्र अनुदानको रासायनिक मल दिने निर्णय गरेको छ।



कृषि मन्त्रालयका सचिवको नेतृत्वमा गत फागुन ११ गते बसेको मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको बैठकले व्यापारिक घराना त्रिवेणी समूहले सञ्चालन गरेको नेपाल चिया विकास निगमको नाममा पोटास एक सय ५० मेट्रिक टन र युरिया एक सय ४० मेट्रिक टन अनुदानको रासायनिक मल उपलब्ध गराउने निर्णय गरेको हो।

मन्त्रालयले कृषि सामग्री कम्पनी लिमिटेडको विराटनगरस्थित कार्यालयमा वफर स्टकमध्येबाट पोटास १५० मेट्रिक टन र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडको विराटनगरस्थित कार्यालयमा रहेको वफर स्टकमध्येबाट युरिया १४० मेट्रिक टन अनुदानको रासायनिक मल त्रिवेणी समूहको नाममा रहेको नेपाल चिया विकास निगमलाई उपलब्ध गराउन लिखित निर्देशन दिएको हो। त्रिवेणी समूहले नेपाल सरकारको सात वटा चिया बगान लिजमा लिएर सञ्चालन गर्दै आएको छ।

पाँच हजार एक सय ९६ एकड जग्गामा रहेका सात वटा चिया बगान त्रिवेणी समूहले २५ वर्षदेखि लिजमा लिएर सञ्चालन गर्दै आएको छ। झापा र इलाममा रहेका नेपाल चिया विकास निगमको चिया बगानलाई मात्र अनुदानको रासायनिक मल दिने कृषि मन्त्रालयको निर्णयको झापाका किसानले विरोध जनाएका छन्।

'पहुँच हुनेले जे गर्दा पनि भएको छ' -केन्द्रीय चिया सहकारी संघका अध्यक्ष हर्कबहादुर तामाङले भने -'किसानले मल कहिले पाइन्छ भनेर सोधेको सोधेकैं छन्। सरकारको निर्णय त्यस्तो आउँछ।'

उनले यो विषयमा छलफल गर्न चिया उत्पादक र किसान तत्काल बैठक बस्ने जानकारी दिए।

राष्ट्रिय चिया तथा कफी विकास बोर्डका अधिकृत इन्द्र अधिकारीले किसानका लागि मलको कोटा निर्धारण नहुनु दुखद् भएको बताए। उनले यस विषयमा चिया तथा कफी विकास बोर्डको केन्द्रीय कार्यालयमा खबर गरिसकेको जानकारी दिए। किसानलाई मल नदिने कुरा हुँदैन। मन्त्रालयले गरेको निर्णय सच्याउँदै किसानका लागि पनि मलको व्यवस्थापन गर्न हाम्रो केन्द्रीय कार्यालयमा जानकारी गराइसकेका छौं-उनले भने।

झापासहित नेपालमा करिब २७ हजार हेक्टरमा चिया खेती रहेको राष्ट्रिय चिया तथा कफी विकास बोर्डको तथ्यांक छ। नेपालमा करिब दुई करोड ८० लाख केजी तयारी चिया उत्पादन हुने गरेको छ। चिया निर्यातबाट मुलुकमा वार्षिक करिब ४ अरब रुपैयाँ विदेशी मुद्रा आर्जन हुने गरेको बोर्डको तथ्याँकमा उल्लेख छ। मुलुकमा ३० अर्थोडक्स, ३८ वटा सीटीसी गरी ६८ भन्दा बढी ठूला चिया उद्योग तथा १५ भन्दा बढी साना अर्थोडक्स चिया प्रशोधन उद्योगहरु सञ्चालनमा रहेका छन्। १६० भन्दा बढी ठूला चिया बगान तथा १५ हजारभन्दा बढी किसान चिया खेतीमा आवद्ध छन्।

यसैबीच इलामका चिया बगानमा यस वर्षको पहिलो टिपाइ शुरु भएको छ। 'फस्ट फ्लस' भनेर चिनिने यो टिपाइलाई उच्च गुणस्तरको चिया उत्पादनका लागि महत्वपूर्ण मानिन्छ।

फागुनको अन्तिम सातादेखि उत्पादन शुरु भएको चियाले उद्योगी र किसानलाई वार्षिक आम्दानीको मुख्य आधार दिने गरेको चिया व्यवसायी जीवन पाण्डेले बताए। चियाको पहिलो टिपाइलाई विशेष सावधानीका साथ सङ्कलन गरिन्छ। चियाको कोमल पातबाट उच्च गुणस्तरको चिया उत्पादन हुने भएकाले अन्तरराष्ट्रिय बजारमा यसको माग पनि बढी हुने गरेको व्यवसायी पाण्डे बताउँछन्।

इलामका चिया उद्योगी शरद सुब्बाका अनुसार यस वर्ष जिल्लाको दक्षिणी क्षेत्रबाट टिपाइ शुरु भएको छ। उनले इलामको सोयाक बगानमा पहिलो टिपाइ शुरु भएको जानकारी दिए। यसलाई सुरक्षित ढङ्गले टिपिन्छ। यहीबाट उच्च गुणस्तरको चिया तयार हुन्छ- सुब्बाले भने -पहिलो टिपाइमा मात्रै करिब अढाइ सय किलो चिया सङ्कलन भएको छ। उनका अनुसार सोयाकसँगै चिलिमकोटलगायतका क्षेत्रका बगानमा क्रमशः चिया टिपाइ शुरु भइसकेको छ।

इलामको जसबिरेस्थित जसवीरे चिया कारखानाका सञ्चालकसमेत रहेका सुब्बाले यसवर्ष हरियो पत्तीको मूल्य गत वर्षकै हाराहारीमा कायम गरिएको बताए। किसानलाई प्रतिकिलो ६५ रुपैयाँदेखि प्रतिकिलो रु. एक हजार ५०० सम्म मूल्य दिने व्यवस्था गरिएको उनको भनाइ छ।

स्थानीय किसानका लागि चियाको पहिलो टिपाइ वर्षको आशाको शुरुवात जस्तै हुने गर्छ। सूर्योदय नगरपालिका-१ का चिया किसान जगन्नाथ अधिकारीका अनुसार पहिलो टिपाइको चिया गुणस्तरका हिसाबले राम्रो हुने भएकाले मूल्य राम्रो पाइन्छ। पहिलो टिपाइ राम्रो भयो भने वर्षभरि नै चिया उत्पादनप्रति उत्साह बढ्छ- अधिकारीले भने- यो किसानका लागि वर्षको शुरुवातमै आउने राम्रो आम्दानी हो।

माई नगरपालिका-५ का किसान बुद्ध लिम्बूले यसवर्ष कात्तिकयता पर्याप्त वर्षा नपरेकाले जिल्लाको माथिल्लो लेकाली क्षेत्रमा चैतको पहिलो सातापछि मात्र टिपाइ शुरु हुने सम्भावना छ।

इलामसँगै पाँचथरमा रहेको कञ्चनजङ्घा चिया कारखानाले पहिलो टिपाइको चिया प्रशोधन शुरु गरिसकेको छ। उद्योगीहरूका अनुसार यसरी तयार भएको चिया विशेष गरी जर्मनी, रुस, अमेरिकालगायत युरोपका विभिन्न मुलुकमा निर्यात हुने गरेको छ।

इलाममा गोल्डेन, गोल्डेन पल, सिल्भर टिप, गोल्डेन ब्ल्याक, ग्रिनलगायत फरक-फरक स्वाद र गुणस्तरका चिया उत्पादन हुने गरेको मेची भन्सार कार्यालय झापाका प्रमुख भन्सार अधिकृत शिवलाल न्यौपानेले बताए। उनका अनुसार चालू आर्थिक वर्ष २०८२/०८३ मा नेपालबाट ८६ लाख ७७ हजार २२१ किलो चिया निर्यात भएको छ। उक्त परिमाणको चियाबाट रु. दुई अर्ब ३२ करोड १२ लाख ५६ हजार बराबरको विदेशी मुद्रा आर्जन भएको तथ्याङ्कले देखाएको छ।

कृषि मन्त्रालयको तथ्याङ्कअनुसार इलाममा करिब सात हजार ६०० भन्दा बढी किसानले सात हजार ३०० हेक्टर क्षेत्रफलमा चिया खेती गर्दै आएका छन् भने जिल्लामा ३६ वटा ठूला चिया बगान सञ्चालनमा छन्।

# तक्षशिलामा शैक्षिक महोत्सव



**झापा, फागुन ३०।** तक्षशिला प्रोग्रेसिभ इङ्लिस स्कूलले शैक्षिक सत्र २०८२ को तेस्रो महोत्सव सम्पन्न गरेको छ। झापाको बिर्तामोड नगरपालिका-६ मा सञ्चालित विद्यालयमा करिब ८०० विद्यार्थी अध्ययनरत् छन् भने कक्षा प्ले ग्रुपदेखि कक्षा १० सम्म अध्यापन हुँदै आएको छ।

दुई दिनसम्म सञ्चालन भएको महोत्सवमा पठन-पाठनसँगै अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ तथा खेलकुदसम्बन्धी विभिन्न कार्यक्रम आयोजना गरिएको थियो। महोत्सवको उद्घाटन समाजसेवी तथा अभियन्ता दुर्गा प्रसाईले गरेका थिए।

कार्यक्रमको आकर्षणका रूपमा विद्यार्थीद्वारा सञ्चालन गरिएको रोबोटमार्फत प्रमुख अतिथि तथा अतिथिहरूलाई फूलमाला अर्पण गरिएको थियो भने ड्रोनमार्फत पुष्पवृष्टि गर्दै महोत्सवको उद्घाटन गरिएको थियो।

महोत्सवको पहिलो दिन 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' भन्ने मूल नारासहित कक्षागत विद्यार्थीहरूबीच विभिन्न खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिएको थियो। सोही अवसरमा उत्कृष्ट हुने विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो।

कार्यक्रमले विद्यार्थीहरूलाई खेलकुदको महत्व र स्वस्थ जीवनका लागि यसको आवश्यकताबारे सन्देश दिएको विद्यालयले जनाएको छ।

दोस्रो दिन विद्यार्थीहरूले विभिन्न जातजातिका भेषभुषामा राष्ट्रिय झण्डासहित झाँकी प्रस्तुत गर्दै र्‍याली निकालेका थिए। त्यसपछि प्रमुख अतिथिबाट औपचारिक रूपमा कार्यक्रम उद्घाटन गरिएको थियो। सो अवसरमा विद्यार्थीहरूले आफ्नो प्रयोगात्मक सिकाइ प्रस्तुत गर्न विभिन्न स्टलहरू प्रदर्शन गरेका थिए।

अभिभावकहरूको बाक्लो उपस्थितिमा आयोजित कार्यक्रममा विद्यार्थीहरूको ज्ञानवर्धक प्रस्तुति, गीत-संगीत तथा नृत्यले विशेष आकर्षण थपेको थियो। शिक्षकहरूले पनि कला र गायन प्रस्तुति दिएका थिए भने विभिन्न मनोरञ्जनात्मक खेलहरू तथा खानाका परिकारको समेत व्यवस्था गरिएको थियो।

विद्यालयले विद्यार्थीहरूको प्रयोगात्मक सिकाइलाई प्राथमिकता दिँदै आधुनिक प्रयोगशाला, प्रविधिमैत्री कक्षाकोठा तथा विविध अनौपचारिक सिकाइ विधिहरू मार्फत शिक्षाको स्तर उकास्ने प्रयास गरिरहेको जनाएको छ। दक्ष शिक्षकको व्यवस्थापन गर्दै शिक्षाको गुणस्तर वृद्धि र विद्यार्थीहरूको समग्र विकासमा निरन्तर पहल गरिरहेको विद्यालय प्रशासनको भनाइ छ।

छोटो अवधिमै विद्यालय पूर्वी नेपालको उदीयमान शैक्षिक केन्द्रका रूपमा स्थापित हुँदै गएको उल्लेख गर्दै विद्यालय व्यवस्थापनले आगामी दिनमा यसलाई देशकै नमूना विद्यालयका रूपमा विकास गर्ने लक्ष्य राखेको जनाएको छ।

# युएईमा भिडियो खिच्दा पक्राउ

**बिर्तामोड, फागुन ३०।** संयुक्त अरब इमिरेट्स (यूएई) ले देशको वायु रक्षा प्रणालीले आकाशमा क्षेप्यास्त्र विफल पारेको दृश्य खिच्ने र सामाजिक सञ्जालमा सार्वजनिक गर्ने व्यक्तिहरूमाथि कानूनी कारबाही शुरु गरेको छ।

सरकारी सञ्चारमाध्यमका अनुसार सुरक्षा प्रणालीले हवाई आक्रमण रोक्दै गरेका वास्तविक दृश्यका साथै आर्टिफिसियल इन्टेलिजेन्स प्रयोग गरी बनाइएका भ्रमपूर्ण भिडियोहरू फैलाएको आरोपमा १० जनालाई पक्राउ गरिएको बताइएको छ।

उनीहरूलाई तत्काल सुनुवाइका लागि 'द्रुत ट्रायल' मा पठाइएको छ। यसैगरी, अबुधाबी प्रहरीले आक्रमणका क्रममा भिडियो खिचेको र गलत सूचना फैलाएको आरोपमा विभिन्न राष्ट्रका ४५ जनालाई पक्राउ गरेको जानकारी दिएको छ। पक्राउ पर्नेहरूमा ६० वर्षीय एक बेलायती नागरिक समेत रहेका छन्, जसलाई दुबईको साइबर अपराध कानून अन्तर्गत मुद्दा चलाइएको छ।

उनले दुबईको आकाशमा इरानी क्षेप्यास्त्रहरू देखिएको भिडियो खिचेको आरोप लगाइएको छ। 'डिटेन्ड इन दुबई' की प्रमुख राधा स्टर्लिङका अनुसार हालैका क्षेप्यास्त्र आक्रमणहरूसँग सम्बन्धित भिडियो र सामाजिक सञ्जाल पोस्टहरूका



कारण हालसम्म २१ जनामाथि साइबर अपराधको मुद्दा दर्ता भइसकेको छ।

दुबईका अग्ला आवासीय भवन, विलासी होटल र विमानस्थल वरपर क्षेप्यास्त्रका अवशेषहरू खसेका दृश्यहरू इन्टरनेटमा व्यापक रूपमा भाइरल भएपछि सरकारले यस्तो कदम चालेको हो। युएईले सुरक्षा संवेदनशीलताका कारण यस्ता संवेदनशील दृश्यहरू अनुमतिबिना खिच्न र सार्वजनिक गर्न निषेध गरेको छ।

## दान ...

कोइरालासँग दार्जीलिङमा भेट गरेपछि उनको राजनीतिक तथा सामाजिक आन्दोलनबाट प्रभावित भएका थिए। त्यसपछि उनले २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा पूर्वी नेपालमा सहभागी हुँदै बन्दुक बोकेर होमिएका थिए। इलामको पशुपतिनगर नाकाबाट नेपाल प्रवेश गरेर उनले सशस्त्र आन्दोलनमा भाग लिएको बताइन्छ।

२००७ सालको आन्दोलन सफल भएपछि भने उनले राजनीतिक सक्रियता त्यागेर साहित्य र शिक्षाको क्षेत्रमा आफूलाई समर्पित गरेका थिए। भाषा शास्त्री महानन्द सापकोटासँगको संगतले उनलाई लेखन तथा शिक्षण क्षेत्रमा सक्रिय बनाएको थियो। उनले झापाका विभिन्न विद्यालयमा अध्यापन गराएका थिए।

नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य समेत रहिसकेका खालिङ नेपाली साहित्यमा अनुवादकका रूपमा पनि परिचित थिए। उनले नेपाली कविका विभिन्न कृतिहरू अंग्रेजीमा अनुवाद गरी नेपाली साहित्यलाई अन्तर्राष्ट्रिय पाठकमाझ पुऱ्याउन महत्वपूर्ण योगदान दिएका थिए। जीवनको उत्तरार्धमा दार्जीलिङमै बसोबास गर्दै आएका खालिङको निधनपछि त्यहाँको सिंहमारी क्षेत्रमा अन्त्येष्टि गरिएको थियो।

खालिङले समाज रूपान्तरण, भाषा-साहित्य संरक्षण तथा शिक्षा क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै पूर्ण-टुङ्ग आदर्श नागरिक सम्मान २०८२ प्रदान गरिएको प्रतिष्ठानका अध्यक्ष बस्नेतले बताए।

भारतीय साहित्यकार ज्ञानेन्द्र खतिवडाले स्व. खालिङलाई स्मरण गर्दै नेपाली भाषा र साहित्यको सम्वृद्धिका लागि दार्जीलिङको योगदानको चर्चा गरेका थिए। प्रतिष्ठानका सचिव लक्ष्मण ढकालले स्वागत तथा कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए भने खालिङको व्यक्तित्वबारे अग्रज पत्रकार चन्द्र भण्डारीले चर्चा गरेका थिए। कार्यक्रमको सञ्चालन प्रतिष्ठानकी सचिव स्वस्तिका आचार्यले गरेकी थिइन्।

यसैबीच स्व. खालिङलाई लिटल फ्लावर इंग्लिस स्कूलका तर्फबाट विद्यालयका संस्थापक तथा कार्यक्रमका प्रमुख अतिथि राजेश खड्काले एक लाख रुपैयाँसहित सम्मान पत्र प्रदान गरेका थिए। त्यस्तै बिर्तामोडस्थित टावर टेम्पल स्कूलले २५ हजार रुपैयाँसहित सम्मान गरेको थियो। त्यसैगरी झापाका धुलावारीस्थित धुलावारी क्याम्पस, बिर्तामोडस्थित वीर अमरसिंह मावि, औषधि व्यवसायी संघ लगायतका विभिन्न संघ संस्थाहरुले समेत खालिङको योगदानको स्मरण र चर्चा गर्दै सम्मान पत्र प्रदान गरेका थिए।

## श्रम ...

जनजातिबाट पूर्व गोर्खा लाहुरे पूर्ण लिम्बूलाई समानुपातिक सांसदका लागि सिफारिस गर्ने गरी टुंगो लगाएको हो।

## क्रोएशिया ...

महानगरपालिका-१५ बाट र सविनालाई काठमाडौं बुढानीलकण्ठ नगरपालिका-४ बाट बुधबार तथा अम्बरलाई काठमाडौं महानगरपालिका-१२ बाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

## पत्रकार ...

९६१ नम्बरको सेतो स्कार्पियोमा चढाउन खोजेको, दमक पुगेर 'थप देखाइदिने' भन्दै धम्की दिएको तथा उनको मोबाइल र चस्मा समेत लुटेको उल्लेख छ।

घटना भएको केही दिनसम्म पनि कसैलाई पक्राउ नगरिएको भन्दै पत्रकार तथा सञ्चारकर्मीहरूले विरोध जनाएका थिए। नेपाल पत्रकार महासंघ कोशी प्रदेशको नेतृत्वमा गएको टोलीले फागुन १९ गते कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेलाई भेटेर दोषीलाई तत्काल पक्राउ गरी कारबाही गर्न ध्यानाकर्षण गराएको थियो। त्यसपछि प्रहरीले खोजी तीव्र बनाएर मुख्य प्रतिवादीका रूपमा उल्लेख गरिएका पाठकलाई पक्राउ गरेको जनाएको छ। प्रहरीका अनुसार घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी तथा घटनासम्बन्धी थप अनुसन्धान जारी रहेको छ। पत्रकार आचार्यले आफूलाई भएको शारीरिक तथा मानसिक क्षतिको क्षतिपूर्ति, उपचार खर्च र लुटिएको सामान फिर्ता गराउन माग गरेका छन्।

## बिर्तामोडकी ...

दिन थाल्यो भन्ने कुरा सही नभएको तर्क गर्दै उनले जेठमै अनेरास्ववियुमा ३२ वर्षे उमेरहद कायम गरेर नवपुस्तालाई नेतृत्व दिन पार्टी बढेको दृष्टान्त दिइन्। एमाले कोशी प्रदेश कमिटीमा आफूलाई दिइएको जिम्मेवारी पनि एमालेले युवालाई नेतृत्वमा स्थापित गर्न खोजेको प्रयासका रूपमा अर्थ्याइन्।

२०६७ सालमै एमालेको वडा कमिटीमा आबद्ध भएकी उनी २०७२ सालमा बिर्तामोड नगर कमिटी सदस्य बनिन्। त्यसको दुई वर्षपछि पालिका जनप्रतिनिधिमा निर्वाचित भइन्। लगत्तै बनेको नेकपा कालमा उनले जिल्ला कमिटी सदस्य हुँदै विद्यार्थी इन्चार्जको जिम्मेवारी प्राप्त गरिन्। २०८० मा प्रदेश कमिटीका निर्वाचनमार्फत उनी सदस्य हुँदै विद्यार्थी फाँटको इन्चार्ज बनिन्।

# यौन व्यवसायीका समस्या लालिमामा




**काठमाडौं, फागुन ३०।** यही फागुन २९ गतेबाट प्रदर्शनमा आएको फिल्म 'लालिमा'ले यौन व्यवसायीले भोगेका समस्याहरुको उजागर गरेको छ।

देशभरका सिनेमा घरहरूले बिहीबार देखि फिल्मको अग्रिम टिकट बिक्री शुरु गरेका थिए। प्रदर्शनको पहिलो दिन शुक्रबारका लागि फिल्मले देशभरबाट ६० भन्दा बढी शो पाएको बताइएको छ।

निर्वाचनपछि प्रदर्शनमा आउन लागेको यो पहिलो फिल्म पनि हो। यौन व्यवसायीहरूले भोग्ने समस्या, पीडा र मानसिक अवस्थालाई केन्द्रमा राखेर निर्माण गरिएको फिल्ममा नायिका रोश्नी कार्की शीर्ष भूमिकामा छिन्। नायक जीवन भट्टराई, नायिका उषा रजक र कलाकार शिशिर वाङ्देल मुख्य भूमिकामा देखिएका छन्।

फिल्ममा अन्य कलाकारहरू सुष्मा निरौला, घनश्याम जोशी र सबिन कट्टेललगायतको पनि अभिनय रहेको छ। फेथ आस्थाको प्रस्तुतिमा बनेको यस फिल्मकी कार्यकारी निर्माता रीना लामा हुन् भने नेशनल सिने ग्रुप नेपालले फिल्मको वितरणको जिम्मेवारी लिएको बताइएको छ।

**Teacher Wanted**

A reputed English Medium Primary School is looking for a lady teacher in Birtamode.
For detail contact :
9804098590
98-23437454

**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट **डा. संजयकुमार गुप्ता**द्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल
सम्पादकीय

# उपभोक्ता अधिकारको रक्षा गर

**आज विश्व उपभोक्ता अधिकार दिवस । प्रत्येक वर्ष मार्च १५ का दिन मनाइने यो दिवस नेपालमा पनि विविध कार्यक्रमका साथ मनाइने गरिन्छ । मुख्यतः उपभोक्ता अधिकारका क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संस्थाहरुले आजका दिन उपभोक्ताका अधिकार सम्बन्धी चेतना प्रवाह गर्ने कार्यक्रमहरु गरेर मनाउने गरेका छन् । अमेरिकाका तत्कालीन राष्ट्रपति जेन अफ केनेडीले सुरक्षा, छनोट, सूचना र सुनुवाई उपभोक्ताको अधिकारका रुपमा घोषणा गरेका थिए । उपभोक्ताका यी चार अधिकार सुरक्षित गर्नुपर्ने उनको प्रस्तावलाई विश्वले स्वीकार गरेपछि मार्च १५ का दिन विश्वभर उपभोक्ता अधिकार दिवस मनाउन थालिएको हो ।**

**अहिले मध्यपूर्व एशियाका देशहरु युद्धको चपेटामा छन् । इरान माथि अमेरिका लगायतका देशको आक्रमणले उपभोक्ताका अधिकार कुण्डित हुन थालेको छ । उपभोक्ताको अधिकार युद्धको चपेटामा परेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प दोस्रोपटक निर्वाचित भएपछि अमेरिकाको राजनीतिलाई व्यापारिकरण गरेर व्यापार युद्धको थालनी भएको छ । अमेरिका र इजरायलको इरानसँगको बढ्दो तनावले विश्वभरका उपभोक्ता र व्यवसायीहरुलाई इन्धनको मूल्यवृद्धिले आर्थिक संकट पैदा गरेको छ । त्यसको असर नेपालको बजारमा व्यापक बन्दै गएको छ । इन्धनको अभाव, मूल्य वृद्धि जस्ता कारणले प्रभावित भएको छ । इरानले जहाजहरुलाई निशाना बनाउँदा र क्षेत्रीय ऊर्जा पूर्वाधारमा आक्रमण गर्दा विश्वको झण्डै बीस प्रतिशत कच्चा तेल र प्राकृतिक ग्यासको आपूर्ति ठप्प भएको छ । खाना पकाउने ग्यासको अभावमा नेपालीको भान्सा समेत प्रभावित हुन थालेको छ ।**

**नेपालमा उपभोक्ता अधिकारको संरक्षण गर्ने भन्दै दर्जनौं ऐन–कानूनहरु बनाइएको छ । तर, त्यसको अनुभूति आमउपभोक्ताले गर्न पाएका छैनन् । अहिले पनि नेपाली उपभोक्ताहरु वस्तु र सेवा दुबै क्षेत्रमा ठगिइरहेका छन् । झुठा विज्ञापन, नियमित अनुगमनको अभाव, कमजोर नियमन र कारवाहीबाट उपभोक्ता हैरान छन् । उपभोक्ताहरु गुणस्तरहीन वस्तु, तरकारी, फलफूल, बिस्कुट, चामल, तेल जस्ता अत्यावश्यक ढुक्कले प्रयोग गर्न सक्ने अवस्था छैन । यस्तो अवस्थामा परम्पराको निरन्तरताको कार्यक्रमले मात्र उपभोक्ताको सुरक्षा हुन सक्दैन । यही सन्दर्भमा नेपालमा पुराना दलहरु आमनिर्वाचनबाट विस्थापित भएकाले परिवर्तनको सन्देश बोकेर आएको दलले आगामी दिनमा उपभोक्ता अधिकार संरक्षणमा कति जिम्मेवार हुन्छ, त्यो समयले देखाउँछ । उपभोक्ताले उपभोग्य वस्तुमा ठगिएको अनुभूति गर्न नपरे मात्र यो दिवसको सार्थकता रहन्छ ।**

# मध्यपूर्व युद्ध र नेपालमा पर्न सक्ने आर्थिक प्रभाव



**रिसव गौतम**




पश्चिम एसियाको इस्लामिक गणतान्त्रिक देश इरानमा फेब्रुअरी २८, २०२६ का दिनबाट शुरु भएको युद्धको क्रममा अहिलेसम्म एक हजार दुई सय ५० जनाभन्दा बढी मानिसले ज्यान गुमाइसकेका छन् ।

अन्तर्राष्ट्रिय समाचार संस्था एलजजीरा न्यूजले मार्च ९ मा प्रकाशित गरेको समाचार अनुसार अमेरिका, इजराइल र इनरानबीच भएको युद्धका क्रममा सोमबारसम्म एक हजार दुई सय ५० जनाको मृत्यु भएको उल्लेख छ । युद्ध इरान र इजराइलमा मात्र सीमित नरहेर खाडीका सबैजसो देशहरुमा फैलिसकेको छ । मध्यपूर्वमा फैलिएको युद्धलाई लिएर अहिले विश्वभर चिन्ता बढिरहेको छ । खासगरी अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल तथा प्राकृतिक ग्यासको भाउ बढ्दा अरु सबै उपभोग्य वस्तुहरुमा महँगी बढ्न थालेको छ ।

युद्ध शुरु भएको पहिलो दिनमै धार्मिक कट्टरपन्थी तथा इरानका सर्वोच्च नेता आयोतुल्लाह अलि खामेनीसहित इरानका ४० बरिष्ठ अधिकारीहरु मारिएका थिए । अहंकारी तथा युद्धको पक्षपोषक भनेर चिनिए पनि कुनै अर्को देशको आन्तरिक मामलामा हस्तक्षेप गरेर राष्ट्र प्रमुखलाई नै हत्या गरिएपछि त्यसको विश्वभर अनेक टिप्पणी भइरहेका छन् ।

खासगरी उदयीमान तथा अमेरिकापछिको शक्तिशाली देश चीन तथा रसियाले त्यसको कडा आलोचना गरेका छन् । यद्यपि, आलोचना शान्ति भड्काउने नभई कुटनीतिक एवम् सौम्य देखिन्छ । उनीहरुले सो युद्धमा आफैँ सहभागी हुने गरी चेतावनी भने दिएका छैनन् । भारत तथा चीन लगायत देशहरु मध्यपूर्वमा भएको युद्धमा सहभागी देशहरुलाई सम्झाउने र वार्ता मार्फत हल गर्ने भूमिकामा छन् ।

इरानमाथि इजराइल तथा अमेरिकाले कडा सैन्य कारवाही थालेपछि त्यसको बाछिटा साउदी अरेयिबा, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डनसम्म फैलिएको छ । खासगरी ती देशहरुमा रहेका अमेरिकी सैन्य अड्डाहरुमा इरानले हमला गरेका समाचार छन् । इजराइल तथा इरानबीचको द्वन्द्वमा अहिले लेबलान, अमेरिका, साउदी अरेबिया, संयुक्त अरब इमिरेटस्, कतार, बहराइन, कुबेत र जोर्डन गरी १० वटा देश प्रत्यक्ष रुपमा प्रभावित छन् । खासगरी इरानले घुँडा नटेकी, सत्ता परिवर्तन नभई तथा आणविक भट्टीहरु ध्वस्त नगरी युद्ध नछोड्नेखालका संकेत अमेरिकी राष्ट्रपतिले दिइसकेका छन् । उनले युद्ध अझै केही दिनसम्म लम्बिन सक्ने सङ्केत समेत गरेका छन् ।

संसारमा अहिले साना तथा गरीब देशहरु युद्धबाट बढी प्रताडित छन् । एकातिर युद्धका कारण धनी देशहरुबाट उनीहरुले पाइरहेका अनुदान तथा सहयोग घटिरहेको छ भने अर्कोतिर ब्यापक महँगी, अभाव र विश्वव्यापी आर्थिक असन्तुलनको मार उनीहरुले नै खेपिरहेका छन् । त्यसमाथि यस्ताखालका क्षेत्रीय तथा विश्व युद्धहरुमा गरीब तथा विपन्न देशका मानिसहरु युद्धमा प्रयोग भइरहेका छन् । व्यापक आर्थिक प्रलोभन र प्रभावमा धनी देशका युद्ध उन्मादको शिकार भइरहेका छन् । जस्तो विगत चार वर्षयतादेखि चलिरहेको रुस र युक्रेन युद्धमा सहभागी थुप्रै नेपालीले अकालमै ज्यान गुमाएका छन् । नेपाली मात्र होइन, कयौँ त्यस्ता गरिब देशका नागरिकहरु युद्धमा सिपाई भएर होमिएका छन् । मारिने उनीहरु नै बढ्ता छन् । धनी देशहरुको पैसा मात्र मरिरहेको छ, तर युद्ध र अशान्तिमा मारिनेहरु पनि गरिवहरु नै धेरै छन् ।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर ( आइआरसी)ले जनाए अनुसार उसको 'ट्रुथफुल प्रोसिस ४' अभियान अन्तर्गत अमेरिका इजराइल आक्रमणको प्रतिकार स्वरुप खाडी देशहरुमा रहेका अमेरिकी सैन्य अड्डा र सम्पत्ति माथि प्रहार गरिएको छ । अमेरिका तथा इजराइलको लगातारको प्रहारपछि आत्मरक्षाका लागि सबै सैन्य उपायहरुको प्रयोग गरिएको इरानी विदेश मन्त्रालयको दाबी छ । युद्ध रोकिने वा रोक्नेभन्दा चर्कने तथा चर्काउने खालका गतिविधिहरु ब्यापक भइरहेका छन् । यसले विश्वव्यापी रुपमा गरीब तथा श्रम निर्यातक देशहरु बढी प्रताडित हुने देखिएको छ ।

**नेपाललाई असर**

विश्वव्यापी महँगी, अभाव तथा आर्थिक असन्तुलनमा मध्यपूर्वको युद्धले कुन हदसम्म असर गर्ने हो यकिन छैन । खासगरी नेपाल जस्ता श्रम निर्यातक देशहरु त्यसको प्रत्यक्ष मारमा पर्ने देखिन्छ । अहिले नै संयुक्त अबर इमिरेट्समा कार्यरत एक नेपालीले त्यहाँको अन्तर्राष्ट्रिय विमान स्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा ज्यान गुमाइसकेका छन् । भोलिका दिनहरुमा त्यस्ता घटनाहरु नदोहोरिएला भन्न सकिन्न ।

यदि कथंकदाचित युद्ध लम्बिदै गयो र ती देशहरु पनि युद्धमा सहभागी हुन थाले भने खाडीमा कार्यरत धेरै नेपालीले रोजगारी समेत गुमाउनुपर्ने अवस्था सिर्जना हुनसक्छ । खाडी देशहरुमा १९ लाख हाराहारी नेपाली रोजगार छन् । उनीहरुले पठाएको रेमिट्यान्सको कारण देशको अर्थतन्त्र चलिरहेको छ । नेपालमा पछिल्ला दशक जे-जति गरिबी घटेको छ, जे-जति आर्थिक उन्नति भएको छ, त्यसमा खाडीमा कार्यरत नेपालीहरुको योगदान धेरै छ । अहिले नेपालमा वार्षिक १७ खर्ब रेमिट्यान्स भित्रन थालेको छ । त्यसमा ५० प्रतिशत ज्यादा खाडीमा पसिना बगाउनेहरुको योगदान रहेको छ । त्यसकारण मध्यपूर्वमा युद्ध फैलदा र त्यो लामो समयसम्म जारी रहने अवस्था रहँदा त्यसको असर नेपालीको भान्सासम्म आइपुग्ने निश्चित छ ।

फेरि युद्धको प्रकृति बढो डरलाग्दो पनि हुन्छ । युद्ध शुरु हुन गाहे हो, फैलन गाहे हुन्न । फेरि युद्ध नशा पनि हो, एकाथरी बलशाली एवम् शासक देशहरुका लागि । ती देशहरुको अत्याधिक ध्यान आणविक भट्टीहरु, हतियारहरु, आधुनिक हतियारहरु, बम तथा बारुद बनाउनेमा केन्द्रित रहने गर्दछ । त्यसकारण युद्ध न सजिलै शुरु हुन्छ न त सजिलै बिदा हुन्छ । यो तथ्यलाई बुझी हाम्रोजस्तो विपन्न देशहरुले कदम चाल्नुपर्छ ।

युद्धमा कसैको पनि पक्षधरता लिन जायज छैन । बरु शान्तिका लागि सकेको प्रयास गर्न सकिन्छ । त्यसभन्दा बढी आफना नागरिकहरु जो खाडीमा अथवा परदेशमा अथवा घरदेशमा छन्, तिनको रोजगारी, जिउ धनको सुरक्षा कसरी गर्न सकिन्छ, त्यसतर्फ हालै चुनावमार्फत नयाँ जनादेश पाएर बन्दै गरेको नयाँ सरकारले ख्याल गर्न जरुरी छ ।

खासगरी खाडीमा मडारिएको युद्धले विश्वयुद्धको रुप नलिओस् । त्यसैको कामना हाम्रो जस्तो देशले गर्न जरुरी छ । मूलतः चीन तथा अमेरिका गरी दुई धुब्रमा उन्मुख विश्व व्यवस्थामा चीनले शान्तिको लिक नछोडेसम्म क्षेत्रीय युद्धहरु भइरहे पनि विश्वयुद्ध हुने सम्भावना कम छ । यी देशहरुमा फैलने र चर्कने युद्धले त्यहाँ कार्यरत श्रमशक्तिहरुलाई मात्र असर गर्दैन । युद्ध जारी रहेको अवस्थामा कच्चा तेलको निर्यातमा ठूलो गिरावट आउँदा हाम्रो जस्तो इन्धनसहित धेरै कुरामा परनिर्भर देशहरुका लागि कठिनाइ पर्नेछ । अहिले नै इरानले साउदी अरेबियाको सबैभन्दा ठूलो कम्पनी 'साउदी आराम्को'को रिफाइनरीमा हमला गर्दा सो रिफाइनरी बन्द भएको छ । त्यहाँ रहेका सबैभन्दा ठूला तेल डिपोहरु समेत युद्धमा खरानी भएका समाचारमा आएका छन् ।

इरानमा युद्ध चर्कदै गएपछि विश्व बजारमा कच्चा तेल र प्राकृतिक ग्यासको मूल्य समेत अचाक्ली बढिसकेको छ । गत सोमबार (मार्च ९) तारिकमा नै कच्चा तेलको मूल्यमा २४ प्रतिशत वृद्धि भई अन्तर्राष्ट्रिय बजारमा प्रतिब्यारेल एक सय १५ डलर माथि पुगेको छ । दैनिक करिब १६ लाख ब्यारेल तेल निर्यात गर्ने इरानले निर्यात प्रभावित हुँदा विश्व अर्थतन्त्रमै असर गर्ने देखिन्छ । त्यसको बाछिटा नेपाल जस्तो परनिर्भर देशहरुमा झन् बढी पर्नेछ । विश्लेषकहरुले नै तेलको मूल्य लामो समयसम्म एक सय डलरभन्दा माथि रहँदा विश्व अर्थतन्त्रमा गम्भीर दबाब पर्ने बताएका छन् । यस्तो अवस्थामा सबै उद्देश्य पूरा नहुँदासम्म युद्ध कायम रहने अमेरिकी राष्ट्रपतिले बताएका छन् ।

देशलाई आत्मनिर्भर नबनाई स्वदेशमै युवालाई रोजगारी र आर्थिक अवसर सिर्जना नगरी भूमण्डलीकृत विश्वमा नेपाल जस्ता देशहरुले यस्ता घटनाहरुको प्रताडना खेप्नुको कुनै गुञ्जायस छैन् । युद्धका असरहरु बहुआयामिक छन् । जति धनीहरुलाई असर छ, त्यो भन्दा कयौं गुणा असर गरीब देशलाई पर्दछ । यस युद्धले नेपालको आर्थिक तथा सामाजिक अवस्थामा नै असर गर्ने देखिन्छ । युद्ध शुरु भएयता नेपालकै पनि अनगिन्ती अन्तर्राष्ट्रिय अडान रद्द भएका छन् । मध्यपूर्वको युद्धले हाम्रो जस्तो श्रम निर्यातक एवम् रेमिट्यान्समा निर्भर देशहरुलाई ठूलै झड्का लाग्ने सम्भावना छ । यसतर्फ सरकारले बढो सतर्कताका साथ आफ्ना नागरिकको सुरक्षा तथा उनीहरुको रोजगारीको सुनिश्चितका लागि विशेष योजना र नीति अख्तियार गर्नुपर्ने समय आएको छ ।

# आज पापमोचनी एकादशी



**ज्यो. सूर्य कुइँकेल**

यस वर्ष चैत १ गते आइतबार पापमोचनी एकादशी परेको छ । चैत कृष्ण एकादशी तिथिलाई पापमोचनी एकादशीका नामले चिनिन्छ । उपवासको अघिल्लो दिन अपरान्ह पश्चात भोजन ग्रहण नगर्नु र व्रतका दिन व्रत विधान पालन गर्नु र भोलिपल्ट द्वादशी तिथिका दिन सूर्योदय पश्चात मात्र व्रत समापन गर्नु भन्ने शास्त्रीय मान्यता रहेको छ ।

जो व्यक्ति कुनै खास कारणले एकादशीको व्रत राख्न सक्दैन उसले एकादशीका दिन अन्नको अथवा विशेषगरी चामलको सेवन नगर्नु, परनिन्दा तथा झुटबाट बच्नु पर्दछ । जो व्यक्ति एकादशीका दिन विष्णु सहस्र नाम पाठ गर्दछ, उसमा भगवान विष्णुको विशेष कृपा प्राप्त हुन्छ । यदि तिथिले दुई दिन एकादशी भेटेको भए वैष्णवहरुले दोस्रो दिन र अरुले पहिलो दिन नै एकादशीको व्रत राख्नु पर्दछ ।

**पापमोचनी एकादशी व्रत कथा**

भगवान श्रीकृष्णसँग अर्जुन भन्नुहुन्छ- 'हे मधुसूदन ! हजुरले फाल्गुनमास शुक्लपक्षको आमलकी एकादशीका बारेमा विस्तारपूर्वक बताउनुभयो । चैतमासको कृष्ण पक्षमा आउने एकादशीको नाम के हो र विधि के हो ? कृपापूर्वक मेरो जिज्ञासा मेटाइदिनुहोस् ।'

भगवान श्रीकृष्ण भन्नुहुन्छ- 'हे अर्जुन ! चैत कृष्ण पक्षको एकादशी तिथिलाई पापमोचनी एकादशीको नामले जानिन्छ । एक समयको कुरा हो- पृथ्वीपति राजा मन्धाताले लोमस ऋषिलाई यही प्रश्न गर्नुभएको थियो । त्यसैले ऋषि लोमसले राजा मन्धमतालाई जे कुरा बताउनुभयो त्यही कुरा म तिमीलाई बताउँदैछु ।' धर्म सम्बन्धी गहिरो रहस्यका ज्ञाता महर्षि लोमससँग राजा मन्धाताले सोधे- हे महात्मा ! मनुष्यको पापको मोचन कसरी सम्भव छ ? कृपा गरी कुनै यस्तो सरल उपाय बताउनुहोस् कि जसले सबैको पाप सहज तरिकाले छुटोस् ।'

महर्षि लोमस बताउनुहुन्छ- हे नृपति ! चैतमासको कृष्ण पक्षको एकादशीको नाम पापमोचनी एकादशी हो । यस व्रतको प्रभावले मनुष्यका अनेक प्रकारका पापहरु नष्ट भएर जान्छन् । म तिमीलाई यस व्रतको कथा सुनाउँछु । ध्यानपूर्वक सुन- प्राचिन समयमा चैत्ररथ नामको एक वन थियो । त्यहाँ अप्सराहरु किन्नरका साथ विहार गर्ने गर्दथे । त्यहाँको मौसम सदैव बसन्तको रहन्थ्यो । सदैव नाना प्रकारका पुष्पहरु फुलिरहन्थे । कहिले गन्धर्व कन्याहरु त कहिले देवेन्द्र र अन्य देवताहरुका साथ क्रिडा गर्दथे ।

त्यस वनमा मेधावी नामका एक शिवभक्त ऋषि तपस्यामा लीन रहन्थे । एकदिन मञ्जुघोषा नामक एक अप्सराले उनलाई मोहित गरी । ऋषिको छेवैमा बसेर वीण बजाउँदै मधुर स्वरमा गीत गाउन थाली । ऋषि माथि विस्तारै कामदेवले विजय पाउन थाल्यो । त्यसबेला ऋषि युवावस्थामा थिए । आफ्नो आकर्षणका कारण कामदेवको समान बनि सकेका मेधावीलाई मञ्जुघोषाले झनै आकर्षित गरी । ऋषि पनि उसको गायन र सौन्दर्यले मोहित बने । अब ऋषि कामदेवले पीडित भइसकेको कुरा मञ्जुघोषाले बुझि र मेधावीलाई आलिङ्गन गर्न लागी । युवतीको सौन्दर्यमा मोहित भइसकेका ऋषिले आफ्नो शिवभक्तिलाई बिर्सिए । कामवासनाले वशीभूत भइ त्यही युवतीका साथ रमण गर्न लागे । कामवासनामा बशीभूत भएका कारण ऋषिलाई दिनरात कुनै कुराको पनि ज्ञात हुन छोड्यो ।

केही समयपछि मञ्जुघोषाले भनि- हे ऋषिवर ! मेरो धेरै समय गइसक्यो । त्यसैले अब मलाई स्वर्ग जाने आज्ञा दिनुहोस् । अप्सराको कुरा सुनेर ऋषि भन्न लागे- हे मोहिनी ! साँझैमा त आयौ त्यसैले बिहान उज्यालो भएपछि जाउली । ऋषिको बचन सुनेर अप्सरा अझ रमण गर्न लागि । यसरी उनीहरु दुबैले साथ-साथ धेरै समय व्यतित गरे । अप्सराले एकदिन फेरि भनि- हे विप्र ! अब मलाई स्वर्ग जाने आज्ञा दिनुहोस् । यस पटक पनि मेधावीले उही कुरा भने- हे रुपसी ! त्यति धेरै समय बितिसकेको छैन, अरु केही समय बस । ऋषिको कुरा सुनेर अप्सरा बोली- हे मुनीवर ! हजुरको रात त ज्यादै लामो हुँदोरहेछ । हजुर स्वयम् नै सोच्नुहोस कि म यहाँ आएको कति समय भइसक्यो ? के अब अझै अरु समय यहाँ बस्नु उचित होला त ?

अप्सराको कुरा सुनेर ऋषिलाई बल्ल समयको बोध भयो । उनी गम्भीरतापूर्वक विचार गर्न लागे । जब उनलाई समयको ज्ञान भयो तब पत्ता चल्यो कि रमण गरेको सन्ताउन्न वर्ष बितेछ र उनलाई चेत आयो कि त्यो अप्सरा त उनको काल बनेर आएकी रहिछ । यति धेरै समय भोगविलासमा व्यर्थ बितेका कारण ऋषिलाई ज्यादै क्रोध उत्पन्न भयो । क्रोधको रीसमा जलेका ऋषिका इन्द्रियहरु बेकाबु हुन लागे । आफ्नो तप नाश गर्ने अप्सरालाई रीसले थर-थर काँप्दै श्राप दिन लागे- मेरो तपलाई नाश गर्ने दुष्ट त महापापिनी र दुराचारिणी होस् । अब त मेरो श्रापले पिशाचिनी भएर बस् ।

ऋषिको क्रोधयुक्त श्रापले अप्सरा पिशाचिनी भई । पिशाचिनी भएपछि अप्सरा अत्यन्त व्यथित हुँदै बोली- हे मुनिवर ! अब क्रोध त्यागेर म सँग प्रसन्न हुनुहोस् र कृपा गरी बताउनुहोस् कि यस पापको निवारण कसरी हुन्छ ? विद्वानहरु भन्छन् साधुको संगत राम्रो र शुभ फलदायी हुन्छ । हजुरसँग त मेरो धेरै वर्ष बितिसकेको छ । त्यसैले अब म सँग प्रशन्न हुनुहोस् अन्यथा एक पुण्य आत्मासँग बसेर पनि मञ्जुघोष पिशाचिनी बन्नु पऱ्यो भनेर मानिसहरुले कुरा काट्ने छन् ।

मञ्जुघोषाको कुरा सुनेर ऋषिलाई आफ्नो क्रोधप्रति अत्यन्त ग्लानी भयो । साथै आफ्नो बदनामीको डर पनि भयो । त्यसैकारणले पिशाचिनी बनेकी मञ्जुघोषालाई ऋषिले भन्नुभयो- तैँले ममाथि एकदमै गलत गरिस् तर पनि म तलाई यस श्रापबाट मुक्तिको उपाय बताइदिन्छु । चैत महिनाको कृष्ण पक्षको एकादशी तिथि पापमोचनी एकादशी हो । उक्त एकादशीको उपवास गर्नाले तैले पिशाचिनीको देहबाट मुक्ति पाउनेछेस् ।

तत्पश्चात ऋषिले उसलाई व्रतको विधान बताइदिए र आफ्नो पापको प्रायश्चित गर्नका लागि आफ्ना पिता च्यवन ऋषिसँग गए । च्यवन ऋषिले पुत्र मेधावीलाई भने- हे पुत्र ! तैले त्यस्तो के गरिस् र तेरो तप सबै नष्ट भयो ? जसले तेरो सम्पूर्ण तेज मलिन बनाएको छ ? मेधावी ऋषिले लाजले आफ्नो शीर झुकाएर भने- हे पिताश्री ! एक अप्सरासँग रमण गरेर मैले ठूलो पाप गरेँ । यही पापका कारण हुनुपर्छ मेरो सबै तेज र तप नष्ट भएको । कृपा गरी मलाई यो पापबाट छुट्ने उपाय बताउनुहोस् ।

ऋषिले भने- हे पुत्र ! चैत कृष्ण पक्षको पापमोचनी एकादशी तिथिको भक्तिपूर्वक उपवास गर । यसका प्रभावले तिम्रो सम्पूर्ण पाप नष्ट हुनेछ । पिताको बचन सुनेर मेधावी ऋषिले पापमोचनी एकादशीको विधिपूर्वक व्रत गरे र यसका प्रभावले उनका सम्पूर्ण पापहरु नष्ट भए । मञ्जुघोषा अप्सरा पनि पापमोचनी एकादशीको व्रत गर्नाले पिशाचिनीको देहबाट मुक्त भइ र फेरि सुन्दर रुप धारण गरेर स्वर्गलोक गई ।

लोमस ऋषिले भने- हे राजन ! यस पापमोचनी एकादशीको प्रभावले समस्त पाप नष्ट हुन्छ । यस एकादशीको कथा श्रवण वा पठन गर्नाले मात्र पनि एक हजार गौदान गरे समान फल प्राप्त हुन्छ । यो व्रत गर्नाले ब्रम्ह हत्या, स्वर्ण चोरी, मधपान, अगम्यागमन जस्ता भयंकर पाप पनि नष्ट हुन्छन् र अन्तमा स्वर्गलोक प्राप्त हुन्छ ।

*abhilashi2009@gmail.com*






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - समय बलवान छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - तपाईको आफ्नो बुद्धिको उपयोगले धन आर्जन गर्ने समय रहेको छ, शुभ खबर सुन्न पाइने छ, मान-सम्मान मिल्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - आजको दिन मिश्रित फलदायी रहेको छ, व्यापारमा फाइदाजनक योग छ, परिवारजनमा बेमेलको स्थिति रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - उत्तरार्द्धपछि काम बन्ने योग छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय आएको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउने छ, बोलिको भरमा अधुरो कामहरू फत्ते हुनेछ, प्रशंसकहरू बढ्नेछन् ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** - धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग आएको छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** - समय अत्यन्तै बलवान छ, मान-सम्मान मिल्नेछ, व्यापार-व्यावसायमा फाइदाजनक नतिजा प्राप्त हुनेछ, मन प्रशन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** - दिन मध्यम रहेको छ, तत्काल हतार गरेर गरेका काममा नोक्सानी व्यहोर्नुपर्ने हुनसक्छ, यात्राको प्रकृया अघि बढाउन सकिने योग छ, भैपरी आउने खर्चले चिन्ता होला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, विशेष उपहार प्राप्तीको योग छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**मिति २०८२/११/३० शनिबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. ३,१४,२००।-

चाँदी प्रति तोला रु. ५४९५।-

# हावाहुरीका कारण झापामा कृषि क्षेत्रमा क्षति




□ गणेश कोइराला

**बिर्तामोड, फागुन ३०।** झापामा गत फागुन २८ गते राति हावाहुरीसहित परेको अविरल वर्षाका कारण कृषि क्षेत्रमा ठूलो क्षति भएको छ ।

अचानक वर्षासहित आएको हावाहुरीका कारण केरा खेती र मकैबाली नष्ट भएको किसानहरुले बताएका छन् । झापाको झापा गाउँपालिका-७ मा हावाहुरी र वर्षाले केराखेतीमा ठूलो क्षति पुऱ्याएको छ । किसानहरूका अनुसार करिब दुई विगाह दुई कट्ठा क्षेत्रफलमा लगाइएको ३२ सय बोट केरा हावाहुरीले ढालेर नष्ट पारेको छ । उत्पादन दिने तयारीमा रहेको केरा बोटहरू भाँचिएपछि वर्षभरि गरेको मेहनत खेर गएको उनीहरूको भनाइ छ ।

किसान चन्द्रप्रसाद बस्नेतले सञ्चालन गरेको साधना संस्कृति नमूना प्रालि अन्तर्गत गरिएको केरा खेतीमा मात्रै करिब १६ लाख रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिएको छ। बस्नेतका अनुसार उनले करिब ३० बिगाह क्षेत्रफलमा केरा खेती गरेका छन् । उत्पादन लिनै लाग्दा आएको हावाहुरीले धेरै बोट ढालेर नष्ट गरेपछि ठूलो पीडा भएको उनले बताए ।

त्यस्तै किसान पूजा खनालले पनि करिब १० बिगा क्षेत्रफलमा लगाएको केरा खेतीमा क्षति भएको बताएकी छन् । किसानहरूका अनुसार प्राकृतिक विपत्तिका कारण वर्षमै पटक-पटक खेतीमा क्षति पुग्ने गरेको छ । बैंकबाट लिएको ऋण समेत तिर्न कठिन हुने अवस्था आएको भन्दै उनीहरूले कृषि बिमा, राहत र क्षतिपूर्ति उपलब्ध गराउन राज्यसँग आग्रह गरेका छन् ।

वर्षभरि पसिना बगाएर लगाएको खेती एकै रातमा नष्ट हुँदा किसानहरू निराश बनेका छन् । झापामा अचानक आएको हावाहुरीका कारण कृषि बालीसहित तरकारी तथा केरा खेतीमा ठूलो क्षति पुगेको हो । गत असोजमा आएको बाढीका कारण झापा गाउँपालिकामा लगाएको केरा खेतीमा समेत ठूलो क्षति पुगेको थियो ।

किसानले बिमा गरेको रकम भुक्तानी नै पाउन नसकिने भन्दै यस्तै अवस्था रहेका किसान नेपालमा टिक्न नसक्ने दुखेसो पोखे । कृषिमा भएको क्षतिको विवरण संकलन गरेर तत्काल भुक्तानी दिनुपर्ने उनीहरुको भनाइ छ ।

झापामा करिब साढे ४४ हजार हेक्टरमा मकैवाली लगाइएको छ। त्यसमा सबैभन्दा बढी झापा गाउँपालिकामा करिब सात हजार हेक्टरमा मकै लगाइएको छ । त्यसपछि बाह्रदशी गाउँपालिकामा करिब छ हजार हेक्टरमा मकै लगाइएको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर बिष्टले बताए। मकैसँगै केरा खेती र हिउँदे तरकारीमा पनि क्षति पुगेको छ। बालीनालीमा पुगेको क्षतिको तथ्यांक निकाल्ने कार्य भइरहेको उनले जानकारी दिएका छन् ।

# ठेकेदारले व्यापारीसँग सम्झौताभन्दा दोब्बर कर उठाएको गुनासो

**मेचीनगर, फागुन ३०।** मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकीको नेतृत्वमा धुलाबारी बजार अनुगमन गरिएको छ ।

मेचीनगर-१० स्थित धुलाबारी बजार सिरानको शुक्रबारे हटियामा नगर प्रमुख बुढाथोकीको नेतृत्वमा उपप्रमुख मीना पोखरेल उप्रेती, कार्यपालिका सदस्य चित्र धिमाल, नगर प्रहरी लगायतको टोलीले सो क्षेत्रमा बजार अनुगमन गरेको हो ।

सम्झौताभन्दा दोब्बर, तेब्बर रुपमा व्यापारीसँग कर उठाइरहेको गुनासो आएपछि बजार अनुगमन गरिएको नगरप्रमुख बुढाथोकीले जानकारी दिए । उनका अनुसार हाट बजार ठेक्का लिएका ठेकेदारले व्यापारीसँग कसरी कर उठाइरहेका छन्, नगरपालिकाले तोकेको दररेट अनुसार उठाएको छ/छैन, व्यापारीहरुले सामानहरु उपभोक्ताहरुलाई बेच्दा सही मूल्यमा बिक्री-वितरण भएको छ/छैन, सार्वजनिक शौचालय र



बजार सरसफाईमा ध्यान दिएको छ/छैन लगायतका विषयमा अनुगमन तथा निरीक्षण गरिएको हो ।

व्यापारीले हाटबजार ठेक्का लिएको ठेकेदारले बजार सरसफाईमा ध्यान नदिएको, सार्वजनिक शौचालय अव्यवस्थित रहेको, पसलेहरूलाई पसल भएको ठाउँको कर तिरेको रसिद अधिकांशलाई नदिएको, साना-ठूला पसललाई कर एउटै प्रकारले लिएको, ठाउँ अनुसार र सामानको प्रकार नहेरी कर लिएको, व्यापारीले सामानको मूल्य कहीँ धेरै, कहीँ कम्ती लिने गरेको लगायतका समस्याहरू अनुगमनका क्रममा पाइएको उनले बताए ।

नगरपालिकाले तोकेको कर तिरेको रसिद लिन र सामान महँगोमा नबेच्न व्यापारीहरूलाई समेत अनुरोध गरिएको उपप्रमुख पोखरेलले बताइन् । मेचीनगरका सबै प्रकारको बजार अनुगमनलाई व्यवस्थित रुपमा निरन्तरता दिँदै जाने दावी गरिन् ।

अधिकांश व्यापारीहरुले करको पैसा लाने गरेको रसिद कहिलेकाहीँ मात्र दिने गरेको बताएका छन् । यूनिक कन्सट्रक्सनका सञ्चालक भीम शिवाकोटीले मेचीनगर क्षेत्रका सबै सब्जी बजारहरुको ठेक्का लिएका थिए ।

करिब ३० लाख ३२ हजार रुपैयाँमा ठेक्का लिएको म्याद अब असार मसान्तमा सकिँदैछ। ठेकेदार शिवाकोटीले रसिद छाप्न ढिलो भएको स्वीकार गर्दै गल्ती भएको र आगामी दिनमा सुधार गर्दै लाने प्रतिबद्धता व्यक्त गरे ।

# अर्जुनधारा संस्कृत माविको वार्षिकोत्सव



**अर्जुनधारा, फागुन ३०।** अर्जुनधारा नगरपालिका-७ स्थित अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालयको ३४औं वार्षिकोत्सव सम्पन्न भएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल गुरागाँईको अध्यक्षता र वडाध्यक्ष गोविन्द खतिवडाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा स्वागत सहायक प्रधानाध्यापक सविता पौडेलले गरेकी थिइन् ।

प्रधानाध्यापक हरिनारायण खतिवडाबाट विद्यालयको गतिविधिसहितको प्रतिवेदन प्रस्तुत गरिएको कार्यक्रममा सावित्रादेवी प्रसाईं स्मृति अक्षयकोष छात्रवृत्ति, गत शैक्षिक वर्षका कक्षा प्रथम र चालू शैक्षिक वर्षमा सम्पन्न खेलकुद प्रतियोगिताका विजयीलाई पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रममा वर्ष शिक्षक सम्मानबाट शिक्षक हरिप्रसाद ढुङ्गेललाई सम्मान पत्रसहित दोसल्ला ओढाई, वर्ष विद्यार्थी पुरस्कारबाट चेतनाथ गुरागाँई र सावित्रादेवी प्रसाईं स्मृति अक्षयकोषबाट १० जना विद्यार्थीलाई पुरस्कृत गरिएको थियो । कार्यक्रममा विद्यालयस्तरीय संकल्प वाचन प्रतियोगितामा प्रथम पुकार भट्टराई, द्वितीय छत्रपति गुरागाँई र तृतीय गजेन्द्र अधिकारीलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

अर्जुनधारा जलेश्वरधामका मूलअर्चक अग्निप्रसाद सिग्देल, अक्षयकोषदाता देवकला प्रसाईं, शिक्षक लक्ष्मीप्रसाद रिजाल, विद्यालय अन्तर्गत रहेको संस्कृत बाल क्लबका अध्यक्ष छत्रपति गुरागाँई लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन शिक्षकद्वय हरिप्रसाद ढुङ्गेल र रमेश खतिवडाले गरेका थिए ।

# कुशको शव बनाएर दाहसंस्कार

**बुट्टाबारी, फागुन ३०।** श्रीमान हराएको २० वर्ष र उमेर सय वर्ष पूरा भएपछि कुशको शव बनाएर दाहसंस्कार गरी झापाको एक गिरी परिवारले काजक्रिया गरिरहेको छ ।

भोजपुरको गोबिन चोकमा जन्मेर हाल झापाको बिर्तामोड-५ स्थित बुट्टाबारीमा बस्दै आएका दलबहादुर गिरी करिब २० वर्षसम्म सम्पर्क बिहीन भएको पारिवारिक स्रोतले जानकारी दिएको छ । गिरी परिवारले हराएको २० वर्षसम्म सम्पर्कमा नआएको र उमेरले सय वर्ष पूरा भएपछि गत फागुन २१ गते कुशको शव बनाएर कनकाई माई नदिमा दाहसस्कार गरी हाल काजक्रिया गरिरहेको छ ।

हाल ९८ वर्षीया दलबहादुर गिरीकी श्रीमती धनलक्ष्मी गिरीसहित छोराबुहारी छोरीले काजक्रिया गरिरहेका छन् । धनलक्ष्मी गिरी र दलबहादुर गिरीका जेठो छोरा सुवास गिरी पनि १५ वर्षदेखि हराइरहेका पारिवारिक स्रोतले बताएको छ ।

माइला छोरा लक्ष्मण, साइला छोरा टंक र कान्छा छोरा दिलबहादुर गिरी, बुहारीहरु कालिमाया, धनमाया र गंगा गिरी साथै छोरीहरु मैया, मनमाया र कल्पनासहित श्रीमती धनलक्ष्मीले काजक्रिया गरिरहेका छन् ।

यसैबीच नेपाल दशनामी समाज बिर्तामोड नगर सचिव प्रजित पुरीको नेतृत्वमा कोषाध्यक्ष बिदुर गिरी, सदस्य रणबहादुर गिरीसहितको टोलीले शोकाकूल गिरी परिवारको निवासमा पुगेर समवेदना दिएको छ ।


## होटल समृद्धि सुरुङ्गा

एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।

होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर
कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

## UAE मा रोजगारीको अवसर

United International Group
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## वैदेशिक रोजगार

के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस् । यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

## वैदेशिक रोजगार

अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईंलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## कार्की ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## Ganapati Bakers

Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

## कोसेली

शुद्ध दूधको स्वस्थ उत्पादन
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

## आयुर्वेद उपचार

यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क: ९८१८७९३९८६, ९८५२६८८९८६

## डेंगी रोगबाट आफू बचौं अरुलाई पनि बचाऔं

बिर्तामोड नगरपालिकाले डेङ्गी रोगको रोकथाम र नियन्त्रणको लागि लामखुट्टेको लार्भा 'खोज र नष्ट गर' अभियान सुरू गरेको हुँदा सबै जना अनिबार्य सहभागी बनौं ।

डेंगी के हो ?
डेंगी लामखुट्टेबाट सर्ने भाइरल संक्रमण वा रोग हो । डेंगीका कारण उच्च ज्वरो आउने,बेस्सरी टाउको दुख्ने, आँखाको गेडी दुख्ने, हाडजोर्नी र मांसपेशीहरू र ढाड दुख्ने, शरीरमा विविरा आउने, रिँगटा लाग्ने, वाकवाकी, वान्ता हुने, यसका साथै पेट दुख्ने, श्वासप्रश्वासमा समस्या आउने, नाक वा गिजाबाट रगत बग्ने, रक्तश्राव हुने, बेहोस हुने आदि हुने गर्दछ ।

डेंगीबाट बच्न के गर्न सकिन्छ ?
- बिहान, दिउँसो, राति जुनसुकै बेला झुल लगाएर मात्रै सुत्ने,
- पूरा बाहुला भएको पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ,
- शरीरका खुल्ला भागमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- लामखुट्टे भगाउन लामखुट्टे धपाउने विधिहरू अपनाउने जस्तै : धुप बाल्ने,
- घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकामा जाली लगाउने,
- आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक स्थानहरूमा पानी जम्न नदिई सफा राख्ने,
- पानी जमिहालेको खण्डमा हप्तामा २ पटक जमेको पानी फाल्नुपर्छ,
- कुलरमा रहेको पानी हप्तामा २ पटक सफा गर्नुपर्छ,
- गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा २ पटक फालेर प्लेट सफा राख्ने,
- भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने,
- घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने,
- काम नलाग्ने भाँडाकुँडा, सिसी, बोतल, प्लास्टिकका सामग्री, टायर आदिको पानी जम्न नमिल्ने गरी विसर्जन गर्ने ।

डेंगीविरूद्ध खोप र खास उपचार समेत नभएकाले लामखुट्टेको टोकाइबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो । डेंगीको शंका लाग्नासाथ नजिकैको स्वास्थ्य संस्थामा अनिवार्य जानुहोस् ।

जनहितका लागि
बिर्तामोड नगरपालिका
झापा, कोशी प्रदेश

## घर ढलान गर्नुछ ?

तपाईको सेवामा सधैं चन्द्र सूर्य आर.एम.सी. झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस् ।
सेवामा २४सैं घण्टा उपलब्ध छौं ।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

## सयपत्री बालुवा प्रशोधन उद्योग

उच्च गुणस्तर सुलभ मूल्य
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## DRISHTI Eye Care System

TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि

## अब बिर्तामोडमा डा. पितामबर ठाकुर

MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुदु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:00 बजेदेखि ५:00 बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

## विशेषज्ञ डाक्टरहरुको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर

उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ

यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोन: ०२३-५३२८४५)

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक

१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार

नि:शुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरू: बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्

यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही २०८२ साल **चैत ७ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८